स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



डिजिटल युगमा युट्युबलाई गीतको लोकप्रियता मापन गर्ने तराजु मान्ने गरिन्छ । संसारमा युट्युबमा सर्वाधिक हेरिने धेरै गीत छन् । तर, 'युट्युब युग' सुरु भएयता सबैभन्दा धेरै हेरिने नेपाली गीतको रेकर्ड भने 'कुटुमा कुटु'को नाममा छ । बताएका छन् । 'दुई रुपैयाँ' बक्स अफिसमा सफल हुनुमा 'कुटुमा कुटु' गीतको ठूलो योगदान मानिन्छ । र, यही गीतमा नृत्य गरेकै भरमा अभिनेत्री स्वस्तिमा खड्का दर्शकको ठूलो वर्गमा चिनिएकी थिइन् । उनले यो गीतलाई आफ्नो करिअरको टर्निङ पोइन्ट मान्ने गरेकी छन् ।

**आजको विचार...**



नारायण पौडेल

के हुँदैछ.. (दुई पेजमा)

भ्वाइस अफ नेपाल सिजन ५ को उपाधि बिनोद राईले जितेका छन् । ललितपुरको गोदावरीमा आयोजित ग्राण्ड फिनालेमा उनले उपाधि जितेका हुन् । जितसँगै उनले २० लाख नगदसहितका पुरस्कार प्राप्त गरेका छन् । उपाधिका लागि चार फाइनलिस्टबीच कडा प्रतिस्पर्धा भएको थियो । मकरबहादुर योञ्जन फस्ट रनरअप, कुमार प्रयास राई सेकेण्ड रनरअप र नोगेन लिम्बु थर्ड रनरअप घोषित भए ।



❒ वर्ष २९ ❒ अंक १६७ ❒ २०८० पुस २९ गते आइतबार 14 January 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### कोइला खानीमा दुर्घटना हुँदा दश जनाको मृत्यु

(रासस/एएफपी) :

**बेइजिङ,** पुस २८/चीनको हेनान प्रान्तस्थित कोइला खानीमा भएको दुर्घटनामा कम्तीमा १० जनाको मृत्यु हुनुका साथै छ जना बेपत्ता भएको चिनियाँ सञ्चार माध्यमले जनाएका छन् ।

दुर्घटना कोइलाखानीमा ग्याँस विस्फोटको कारण भएको र खोजी तथा उद्धार कार्य जारी रहेको सीसीटीभीले जनाएको छ । चिनियाँ समाचार संस्था सिन्ह्वाले विस्फोट हुँदा ४ सय २५ जनाले भूमिगत काम गरिरहेको बताएको छ । खानीको जिम्मा लिनेहरूलाई अधिकारीहरूले हिरासतमा लिएको सिन्ह्वाले जनाएको छ । चीनमा खानी सुरक्षा पछिल्लो दशकहरूमा सुधार भएको बताउने गरिएको छ । यद्यपि, कमजोर सुरक्षा व्यवस्थाका कारण उद्योगमा दुर्घटनाहरू अझै भइरहन्छन् । आधिकारिक तथ्याङ्क अनुसार २०२२ मा १ सय ६८ दुर्घटनामा २ सय ४५ जनाको मृत्यु भएको थियो । गत महिना उत्तरपूर्वी हेइलोङजियाङ प्रान्तको जिक्सी सहरको बाहिरी भागमा भएको खानी दुर्घटनामा १२ जनाको मृत्यु भएको थियो भने १३ जना घाइते भएका थिए । नोभेम्बरमा सोही प्रान्तको अर्को कोइला खानीमा भएको दुर्घटनामा ११ जनाको मृत्यु भएको थियो ।

# कहालीलाग्दो सवारी दुर्घटना

## आकालमै गयो १९ जनाको ज्यान

रामचन्द्र रायमाझी

**पाल्पा,** पुस २८/नेपालगञ्जबाट काठमाडौं जानेक्रममा राप्ती नदीमा शुक्रबार राती भएको कहालीलाग्दो बस दुर्घटनामा १२ यात्रुको ज्यान गएको छ । यात्रुले खचाखच भरिएको भे. १ ख.३९१२ नम्बरको नमस्ते यातायात प्रालिको यात्रुबाहक बस शुक्रबार राति साढे १० बजेतिर भालुबाङको राप्ती पुलबाट नदीमा खस्दा १२ जनाको अकालमै ज्यान गएको हो ।

भालुबाङको कहालीलाग्दो यो घटनाले सबैको मन अमिलो भइरहेका बेला पुनः शनिबार दिउँसो बागलुङ र काठमाडौंमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा ७ जनाले अकालमै ज्यान गुमाउनु पर्‍यो । बागलुङको ढोरपाटन नगरपालिका-५ ट्याङखोलामा जिप दुर्घटनामा २ जना र हेटौंडाबाट राजधानी प्रवेश गर्ने छोटो दुरीको थानकोट-चित्लाङ सडक खण्डको सेतो पहरामा निजी सवारी दुर्घटना हुँदा ५ जनाले ज्यान गुमाए । यस्ता अप्रिय समाचारले शनिबार दिनभरि नै नेपालीलाई शोकमग्न बनायो । सडक दुर्घटनाको पीडा मृत्यु हुनेहरूलाई



दाङको भालुबाङस्थित राप्ती नदीमा दुर्घटना ग्रस्त अवस्थामा रहेको बस । तस्विर : रासस

मृत्युवरण हुनुभन्दा पहिले र आफन्तलाई मृत्युको खबरले कति हुन्छ भन्ने कुरा झन् अकल्पनीय छ । यी छुट्टाछुट्टै दुर्घटनाबाट १९ जनाले अकालमै ज्यान मात्र गुमाएनन् घाइते भएका ३२ जना मध्ये कयौं व्यक्तिहरु अङ्गभङ्ग समेत भए । राप्ती नदी पुलबाट खसेको बसबाट १२ जनाले सधाका लागि ज्यान गुमाएका छन् । ५ जनाको उपचारका क्रममा मृत्यु भएको थियो भने ७ जनाको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय भालुबाङले जनाएको छ । मृत्यु हुनेमा बाँके नेपालगञ्ज निवासी ६० वर्षीय कुसुम बस्नेत, मकवानपुर हेटौंडा निवासी ३९ वर्षीय सौरव विष्ट, काठमाडौँ चन्द्रागिरी नगरपालिका-१५ निवासी ६५ वर्षीय ताराकान्त पाण्डे, जुम्ला श्रीढुस्का-९ निवासी ४० वर्षीय मुनबहादुर बस्नेत, बाँके निवासी ३० वर्षीय रामबहादुर हरिजन र रुकुम गोतमकोट निवासी २५ वर्षीय दीपक कामी रहेको जिल्ला प्रहरी कार्यालय दाङको संचार शाखाका प्र.ह.बिनोद बुढाथोकीले एनजेडीलाई जानकारी दिए । यस्तै, उनका अनुसार भारत बिहार निवासी ६७ वर्षीय योगेन्द्र राम, भारत उत्तरप्रदेश निवासी ३१ वर्षीय अतिकुल्ला खैरे, बाँके खजुरा-३ खजुरा निवासी २५ वर्षीय सञ्जय केसी, चितवन भरतपुर महानगरपालिका-२५ निवासी ३५ वर्षीय अनिल खड्का, भारत निवासी ४५ वर्षीय चेतराम शिल्पकार र बाँके खजुरा गाउँपालिका-३ निवासी २८ वर्षीय अर्जुन थापाको पनि मृत्यु भएको छ । घाइते २३ मध्ये सातजनाको बुटवल, नौ जना नेपालगञ्ज र ६ जनाको प्रस्तावित भालुवाङ अस्पताल दाङमा उपचार भइरहेको छ । भालुबाङको ट्राफिक बिट पार गरेको केहीबेरमा बस पुलको दायाँतर्फबाट पुलको रेलिङ भत्काएर नदीमा खसेको थियो । बस ७०/८० को स्पिडमा रहेको र एक्कासी डिभाइडरमा ठोक्किन पुगी पुलबाट खसेको घाइते अवस्थामा रहका यात्रुहरुको भनाई छ । शनिबार बुटवलमा हुने राष्ट्रिय बाणिज्य बैंकको परीक्षा दिन बाँकेको नेपालगंजबाट बुटवल हिडेका आशुतोष गौतमले गाडी स्पिडका कारण दुर्घटना भएको बताएका छन् । उनी आफु बस दायाँबाया हल्लिन थालेपछि हामफाले बताएका छन् । प्रहरीले भने घटना के कति कारणले भएको हो भन्ने विषयमा थप अनुसन्धान भइरहेको जनाएको छ ।

यस्तै बागलुङको बुर्तिबाङ बजारदेखि ढोरपाटन जाँदै गरेको ध १ ज १९ नम्बरको जिप ट्याङखोलामा दुर्घटना भएको थियो । दुर्घटनामा २ जनाको मृत्यु भएको छ भने ९ जना घाइते भएका छन् । मृत्यु हुनेमा चन्द्रगिरी नगरपालिका -१० की २८ वर्षीया संगिता अधिकारी गैरे र सवारी चालक ढोरपाटन नगरपालिका-४ खुद्राका २७ वर्षीय तिलक घर्ती रहेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी मदन केसीले एनजेडीलाई जानकारी दिए । उनीहरुको घटनास्थलमै मृत्यु भएको हो । मृतक गैरे चन्द्रगिरीबाट ढोरपाटन घुम्न आएको बुझिएको छ । दुर्घटनामा ९ जना यात्रु घाइते भएका छन् । घाइतेमध्ये ६ जनाको अवस्था गम्भीर रहेको उनीहरुलाई हेलिकप्टरमार्फत पोखरा पठाइएको प्रहरी नायव उपरीक्षक केसीले बताए । उनका अनुसार ३ जनाको सामान्य उपचारपछि घर पठाइएको छ । जिप उकालोमा ब्रेकफेल भइ दुर्घटना भएको बताइएको छ । यस्तै हेटौंडाबाट राजधानी प्रवेश गर्ने छोटो दुरीको थानकोट-चित्लाङ सडक खण्डको सेतो पहरामा निजी सवारी दुर्घटना हुँदा ५ जनाको मृत्यु भएको छ । थानकोटबाट चित्लाङतर्फ आइरहेको प्रदेश–३–०१–०२३ च ६९८५ नम्बरको कार चन्द्रागिरि नगरपालिका-४ मा शनिबार दिउँसो दुर्घटना हुँदा काठमाडौं-३० मैतीदेवीका ६७ वर्षीय ओमकारनिधि तिवारी, उनकी पत्नी ६४ वर्षीया कल्पना तिवारी, ज्वाइँ काठमाडौं-२ का महेशकुमार गौतम, उनका छोराछोरी क्रमशः ६ वर्षीया स्मारिका र ४ वर्षीय प्रियन्सको मृत्यु भएको हो । घाइते स्मारिकाको बयोधा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । गाडीमा सवार सृष्टि तिवारी गौतम भने गाडीबाट हामफालेर बाँच्न सफल भएकी छन् ।

**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन ।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं ।
- यसले तपाई र तपाईको परिवारलाई असर पुर्‍याउँछ ।


त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## दुर्घटनाप्रति दुःख व्यक्त, घाइतेको प्रभावकारी उपचार गर्न आग्रह

**पाल्पा,** पुस २८/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, काँग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दाङको भालुवाङमा भएको बस दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गरेका छन् । उनीहरुले मृतक प्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा समवेदना दिर्दै दुःख व्यक्त गरेका हुन् ।

प्रधानमन्त्री दाहालले मृतक प्रति श्रद्धाञ्जली र अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै घाइते भएकाहरुको प्रभावकारी उपचारका गर्न सम्बन्धित निकायलाई आग्रह गरेका छन् ।



उनले उद्धार र उपचारमा प्रभावकारी भूमिका निर्वाह गर्न सरकारका सम्बन्धित निकायलाई निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । काँग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले एक विज्ञप्ति जारी गरी बाँकेको नेपालगञ्जबाट काठमाडौँ आउँदै गरेको भे १ ख ३९१२ नंको बस गएराति दाङको देउखुरीको भालुवाङ स्थित राप्ती नदीमा खस्दा १२ जनाको मृत्यु र २३ जना घाइते भएको घटनाप्रति गहिरो दुःख व्यक्त गरेका छन् । सभापति देउवाले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै आत्माको चिरशान्तिको कामना साथै शोकसन्तप्त परिवारजनप्रति पार्टी र आफ्नोतर्फबाट गहिरो समवेदना प्रकट गरेका हुन् । उनले घाइतेहरुको उपचारको प्रबन्ध मिलाउन सरकारलाई आग्रह समेत गरेका छन् ।

-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## दिव्योपदेश अझ बढी सान्दर्भिक

तत्कालीन समयमा पृथ्वीनारायणले लिएको एकीकरण अभियानको आधारभूमिमा उभिएरै आजको सार्वभौम, स्वतन्त्र, समावेशी, लोकतान्त्रिक गणतन्त्र नेपालसम्मको यात्रा तय भएको हो । स्वावलम्बी र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न, जनतालाई अधिकारसम्पन्न बनाई राज्यसँग अपनत्वको भाव कायम राख्न तथा कुशल परराष्ट्र सम्बन्ध सञ्चालन समेतका बहुआयामिक क्षेत्रमा शाहका उपदेश अहिले पनि अझ सान्दर्भिक छन् । झण्डै सात दशकअघिदेखि हरेक वर्ष पुस २७ लाई पृथ्वी दिवसका रुपमा मनाउन थालिए पनि २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना भएदेखि त्यसलाई राष्ट्रिय एकता दिवसको स्वरुपमा मनाइँदै आइएको छ । यस वर्षको दिवस पनि देशभर पृथ्वी नारायण शाहको योगदानको स्मरण गर्दै मनाइएको छ ।

तत्कालीन रुपमा अवस्थित टुक्रा-टुक्रामा विभक्त नेपाल र छिन्नभिन्न रहेका नेपालीलाई एकताको सूत्रमा बाँध्ने काम पृथ्वीनारायण शाहले नै गरेका थिए । पुर्खाहरुको धरोहरका रुपमा समेत रहेका उनले नै त्यतिबेलाका बाइसे/चौबिसे राज्यहरुलाई नेपाल एकीकरणको अभियानमा गाभ्ने क्रममा उल्लेखनीय सफलता पाएको सन्दर्भ अहिले पनि नेपालीहरुका लागि गर्वको विषय बनिरहेको छ । शाहले विशाल नेपालको एकीकरण गर्न तदारुकता नदेखाएको भए नेपाल भन्ने मुलुकको नाम निशाना पनि रहने थिएन । यसैले राष्ट्र निर्माताबाट उसबेला मार्गदर्शन गरेका विचार र बाटोलाई जुनसुकै विचारका राजनीतिक दलले उनको दिव्योपदेशलाई मूल नीति बनाएर त्यसैका आधारमा मुलुकलाई निकास दिने कुरामा सबैको विचार केन्द्रित हुन आवश्यक छ । यसो भयो भने नेपालीहरू सधैं अन्योलग्रस्त रहिरहने अवस्था आउनेछैन । नेपाल अधिराज्यको इतिहासलाई मान्ने हो भने राष्ट्र निर्माता पृथ्वीनारायण शाहको त्याग, तपस्या र योगदानलाई बिर्सेर नेपाललाई बुझ्न सकिँदैन । इतिहासको जगमा नै आजको वर्तमान अवस्थित रहेको यथार्थलाई भुल्नु भनेको आफ्नो गौरवमय इतिहासप्रतिको असम्मान हो । अहिले देश राजनीतिक अस्थिरताका कारण विखण्डनको अवस्थामा पुग्न लागेका बेला एकिकरणका शुत्रधार पृथ्वीनारायणले दिएका उपदेशहरु अझ सान्दिर्भक बन्दै गएका छन् । यसर्थ वर्तमान परिवेशमा राजनीतिक दलहरुले शाहका उपेशलाई आत्मसाथ गर्दै अगाडि बढ्नुपर्ने बेला आएको छ । यसतर्फ सबै राजनीतिक दलहरुको ध्यान जाओस् ।

## Opinion @ Social Network

घर मा पुजा कोठा कता छ थाहा छैन...
Dream चै केदारनाथ जाने रे !
(कपिल पाण्डेको फेसबुक स्टाटस https://www.facebook.com/kapil.d.pandey.96)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के हुँदैछ मुलुकमा ?



**नारायण पौडेल**

*न्यायालय राजनीतिक तथा आर्थिक प्रलोभनमा नराम्ररी फस्नुका साथै कुन मुद्दामा कस्तो फैसला हुन्छ भनी अनुमान गर्न नसकिने भएको छ भने विचाराधीन मुद्दाको सन्दर्भमा राज्यका उच्चपदस्थ भनिने व्यक्तिहरुले भाषणमा नै न्याय अन्यायको किटान गर्दै हिँडेका छन् । राजनीतिक दल आफ्ना नेता तथा कार्यकर्ताहरुलाई लागेको फौजदारी अभियोगमा समेत सामान्य नसिहत दिनसमेत आनाकानी गरिरहेका छन् । जनताले जनताका लागि जनताहरुद्धारा गरिने शासन पद्धतिलाई लोकतन्त्र भनिन्छ । जहाँ बहुमतको सदर र अल्पमतको कदर हुने गर्दछ । तर नेपालको सन्दर्भमा यो विशेषता कहिल्यै लागू भएन । अहिले २७५ सिट संख्यामध्ये जम्मा ३२ सिट संख्या भएको पार्टीको नेतृत्वमा सरकार छ भने अर्को २१ सिटे पार्टीलाई सम्पूर्ण सत्ता चाहिएको छ । संसदमा पहिलो र दोस्रो दल बनेका पार्टीहरू मूकदर्शक देखिन्छन् । पछिल्लो एक वर्षमा भएका विभिन्न काण्डहरूमा यी सबै साक्षी छन् र दोषी पनि यिनीहरू नै हुन् । तर यिनीहरू आफूलाई दोषी मान्न तयार छैनन् भने आफूहरू चोखिन एउटै डम्फु एउटै तालमा बजाइरहेका छन् । एउटालाई दोषी ठहर गर्दा अर्को तानिने डरले यिनीहरूबीच सन्तुलनको सम्बन्ध स्थापित भइरहेको छ । यति छिटै नयाँ जोगीहरू साधु भइसके कि सत्ता पाए अर्को निर्वाचन चाहिँदैन भन्न थाले । बहुचर्चित भगवानको कर्तुत त दिनहुँजसो मिडियाहरूमा प्रमाणसहित छापिन थाल्यो । तर भगवान् भन्नुहुन्छ, 'मलाई नचलाउनुस् ।' उहाँले नै करोडौँ रकम चलाइसक्नु भएको रहेछ त । अब उहाँलाई किन चलाउनु, किन अप्ठेरोमा पार्नु ?*

मुलुकमा चौतर्फी बेथिती बढिरहेको छ, थिति बस्न सक्ने अनुमान गर्न सकिएको छैन । लोकतन्त्र, विधिको शासन, नागरिक स्वतन्त्रता, गरिबी उन्मुलन लगायतका विशेषणहरूको प्रयोगसहित मुलुकमा धेरै आन्दोलन तथा निर्वाचन सम्पन्न भयो । जुन आन्दोलनका क्रममा हजारौँ सर्वसाधारण नेपालीहरूको बलिदानीपूर्ण संघर्ष रह्यो । तर नेपाली समाजको वृहत्तर हित हुने कार्य अहिलेसम्म भएन । देश विकासको मूल अजेन्डामा केन्द्रित हुनुपर्ने राजनीतिमा लुछाचुँडी छ, बाँडिचुँडी खाने मामिलामा सबैको स्वरमिलान हुन्छ । खर्बौं रकमका घोटालामा दोषी देखिएका उच्चपदस्थ व्यक्तिहरू उपर छानबिनसमेत हुँदैन । कारबाही हुने गुन्जायस त हुँदै भएन ।

लोकतन्त्र र निर्वाचनको धज्जी उडाउँदै सत्तासिन हुने तथा संसदमा प्रतिनिधित्व गर्नेहरूको हालीमुहाली देखिन्छ । सर्वसाधारणको दु:खजिलो बचत स्वाहा पार्न मुख्य भूमिका खेल्नेहरू नै सडक तथा सदनमा गर्जिरहेका छन् । विभिन्न आपराधिक प्रकरणहरूमा जेल जानेप्रतिको रोदन र जेलमुक्त हुनेहरूका लागि स्वागतार्थ विजयी उत्सव मनाउनेहरूको घुइँचो अहिले पनि लागिरहेको छ । न्यायालय राजनीतिक तथा आर्थिक प्रलोभनमा नराम्ररी फस्नुका साथै कुन मुद्दामा कस्तो फैसला हुन्छ भनी अनुमान गर्न नसकिने भएको छ भने विचाराधीन मुद्दाको सन्दर्भमा राज्यका उच्चपदस्थ भनिने व्यक्तिहरूले भाषणमा नै न्याय अन्यायको किटान गर्दै हिँडेका छन् । राजनीतिक दल आफ्ना नेता तथा कार्यकर्ताहरूलाई लागेको फौजदारी अभियोगमा समेत सामान्य नसिहत दिनसमेत आनाकानी गरिरहेका छन् । जनताले जनताका लागि जनताहरूद्धारा गरिने शासन पद्धतिलाई लोकतन्त्र भनिन्छ । जहाँ बहुमतको सदर र अल्पमतको कदर हुने गर्दछ । तर नेपालको सन्दर्भमा यो विशेषता कहिल्यै लागू भएन । अहिले २७५ सिट संख्यामध्ये जम्मा ३२ सिट संख्या भएको पार्टीको नेतृत्वमा सरकार छ भने अर्को २१ सिटे पार्टीलाई सम्पूर्ण सत्ता चाहिएको छ । संसदमा पहिलो र दोस्रो दल बनेका पार्टीहरू मूकदर्शक देखिन्छन् । पछिल्लो एक वर्षमा भएका विभिन्न काण्डहरूमा यी सबै साक्षी छन् र दोषी पनि यिनीहरू नै हुन् । तर यिनीहरू आफूलाई दोषी मान्न तयार छैनन् भने आफूहरू चोखिन एउटै डम्फु एउटै तालमा बजाइरहेका छन् । एउटालाई दोषी ठहर गर्दा अर्को तानिने डरले यिनीहरूबीच सन्तुलनको सम्बन्ध स्थापित भइरहेको छ । यति छिटै नयाँ जोगीहरू साधु भइसके कि सत्ता पाए अर्को निर्वाचन चाहिँदैन भन्न थाले । बहुचर्चित भगवानको कर्तुत त दिनहुँजसो मिडियाहरूमा प्रमाणसहित छापिन थाल्यो । तर भगवान् भन्नुहुन्छ, 'मलाई नचलाउनुस् ।' उहाँले नै करोडौँ रकम चलाइसक्नु भएको रहेछ त । अब उहाँलाई किन चलाउनु, किन अप्ठेरोमा पार्नु ? नेपाली जनताले कसको विश्वास गर्ने ? न कानूनले छिनोफानो गर्ने न राजनीतिले, अबको निकास के हो र कसरी सम्भव हुन्छ ? हजारौँको संख्यामा दिनहुँजसो युवाशक्ति विदेश पलायन भइरहेको छ । मुलुक चरम बेथिति, भ्रष्टाचार, महँगी, कालाबजारी, बेरोजगारी जस्ता जटिलताहरूले गाँजिएको छ । देशमा विद्यमान समस्याहरूको समाधानका लागि निकास खोज्नुपर्ने कसले र कहिले हो ? एकमहिना मात्रै गृह प्रशासन चलाउँदा कस्ता कस्ता काण्ड भए ? आफ्नै सवारी चालक किन र कसरी मारिए ? नागरिकता र विवाह सम्बन्धी विवाद के भयो ? चौतर्फी ऋण असुली गरिएका काण्डहरूमा प्रमाणसहित देखिएका विवादहरूको अर्न्तय के हो ? बनाइन्छ यसरी मुलुक अनि जनताका विश्वास जित्ने तरिका यस्तै हो ? प्रधानमन्त्रीको पालो कुरेर बसेका पहिलो दलका सभापतिलाई भ्रष्टाचार विरोधी अभिव्यक्ति निकै अप्रिय लाग्छ र उनी कहिँकतै भ्रष्टाचार विरोधी शब्द सुन्न तथा हेर्न सक्दैनन् । उनकै विश्वासपात्र केही समय जेलमा रहँदा उनलाई आफैं जेलमा बसेजस्तो भयो । जेलमा बस्ने त अरु पनि छन् । तर अरुका प्रति उनलाई कुनै चिन्ता छैन । यता पहिलोपटक आफू प्रधानमन्त्री हुनु अगावैदेखि कारोबार थालेको एनसेल प्रकरणमा अहिले आफैं तेस्रोपटक प्रधानमन्त्रीमा बहाल रहिरहेको अवस्थामा त्यसबारे कुनै जानकारी नै रहेनछ भनेर पत्याइदिनुपर्ने छ । उता कथित राष्ट्रवादी दोस्रो ठूलो दलका अध्यक्ष प्रधानमन्त्री पदकै दाउपेचमा कहिले बस्नेत वाला संघ त कहिले प्रसाईंलाई सडकमा उतारेर रमिता हेरिरहेका छन् । ललिता निवास प्रकरण समेतमा स्वघोषित रुपमा चोखिएका समाजवादी अध्यक्ष नेपाललाई अझै प्रधानमन्त्रीको धोको छँदैछ भने पूर्व माओवादी विद्धान् भट्टराई त विश्वविद्यालयको उपकुलपतिसम्म प्रतिस्पर्धा गर्न झरिसकेछन् । हुनत अझै केही समयसम्म मुलुकको नेतृत्व देउवा, ओली र प्रचण्ड वरिपरी नै घुम्ने जस्तो देखियो । किनकि युवा तथा नयाँशक्ति वा वैकल्पिक शक्ति भन्नेहरू यिनीहरू भन्दा बढी बदमास देखिन थाले । कुनै काण्ड बेगरको त नेता नै भएनन्, खोजी कति जनाको भयो भन्ने मात्रै हो । जतिसुकै योग्य र क्षमतावान भए पनि कोही कसैको फेरो नसमाति कुनै पनि व्यक्ति बन्ने वा केही पाउने भएन । यही स्वार्थका कारण अयोग्य व्यक्तिहरूको भजनमण्डली ठूलो हुन गइ दक्ष जनशक्ति विदेशिन बाध्य हुनु परेको छ । कम्तीमा पनि दुई चार पटक जाँचिएका व्यक्तिहरूले नयाँ पुस्तालाई अवसर दिने खालको वातावरण मुलुकमा बनेन । यस्तो प्रवृत्तिबाट परिवर्तन सम्भव छैन । गत स्थानीय निर्वाचनमा बालेन र हर्क तथा आमनिर्वाचनमा रविको लहर आयो । निर्वाचन पूर्व गगन र विश्वप्रकाशको लहर आउन सक्ने भनी गरिएको अनुमान असफल भयो । यद्यपि गगन र विश्वप्रकाशको व्यक्तिगत रुपमा मतदाताले राम्रो कदर गरे । फलस्वरुप अहिलेसम्म पनि बालेन, हर्क, रविहरू चर्चामा नै छन् भने गगन र विश्वप्रकाशको ओझेलमा पर्न थालेका छन् । यद्यपि उनीहरू पार्टीभित्रै आन्तरिक संघर्षमा रहेकाले पनि छायाँमा परेको देखिन गएको हो ।

आखिर जीवनभर राजनीतिक लडाइँ गरेका गगन र विश्वप्रकाशप्रतिको आकर्षण घट्नु र भर्खरै उदाएका बालेन, हर्क तथा रविप्रतिको आकर्षण बढिरहनुको कारण के हो ? यस्तै माहौल अगाडि बढिरहने हो भने मुलुकले निकास तथा विकास पाउँछ कि पाउँदैन ? अब सच्चिनुपर्ने के हो र को हो ? आखिर सबैको साझा एजेण्डा विधिको शासन, भ्रष्टाचार नियन्त्रण, रोजगारीको सिर्जनालगायत नै हुन् । तर फरक कहाँ र किन पर्यो ? एउटा निर्वाचन सम्पन्न नहुँदै अर्को निर्वाचनको चिन्ता गरिन्छ । निर्वाचनमा जनतासामु गरिएका प्रतिबद्धताहरू निर्वाचनको भोलिपल्टै भुलिन्छ । अघिल्लोपटक त्यस्तै भयो, काम गर्न दिएनन्, अब यसपटक ढुक्क हुनुस्, खोला नभएको ठाउँमासमेत पुल हाल्ने काम मेरो भयो भन्नेजस्ता अभिव्यक्ति नेपाली जनताले कहिलेसम्म विश्वास गर्ने ? निर्वाचनमा विजयी भएका गगन, विश्वप्रकाश, रवि, बालेन, हर्क लगायतहरूबाट कानून बमोजिम जनहितका कार्यहरू कहाँ कहाँ कति भए, मतदाताले उनीहरूलाई आफ्ना समस्याहरू राख्नका लागि भेट गर्न पाए कि पाएनन् ? उनीहरूबाट जनप्रतिनिधिकै हैसियतमा कामहरू भएका छन् कि छैनन् ? कि फेरि उनीहरू अघिल्लोपटक गर्न दिएनन् अब गर्छु, मलाई एकपटक विश्वास गर्नुस् भन्न आउनेवाला छन् ? अब सम्पूर्ण नेपाली जनता पनि आफ्नो स्तरबाट देश विकासका लागि चिन्तित हुनुपर्ने बेला आएको हो कि विचार गरौँ । सँधैभरि लहडका भरमा अगाडि नबढौँ । अन्त्यमा, देशका कुनै पनि क्षेत्र थितिमा छैनन् । थिति बेगर स्थिति मजबुद बन्दैन । जबसम्म हाम्रो स्थिति बलियो हुँदैन, तबसम्म हामी दास सरह हुन्छौँ । देशको राजनीतिक, न्यायिक, शैक्षिक आर्थिकलगायत स्वास्थ्य तथा सुरक्षासमेत हाम्रो नियन्त्रणमा छैन । यस्तो अवस्थामा हामी अब पनि जता घाम लाग्छ, त्यतैमात्र दौडिने हो भने देशको अस्तित्व नरहन पनि सक्छ । हुनत यस्तै अराजकतामा फस्टाउने वर्गको बाहुल्यता हुँदै गएकाले मुलुक तथा समाजमा दण्डहीनताले प्रश्रय पाउँदै गएको हो । त्यसैले मुलुकमा व्यवहारिक रुपमै नैतिकता देखिने कार्यहरूको वृद्धि नहुने हो भने थप जटिलता उत्पन्न हुन सक्नेमा सबै सचेत हुनुपर्ने बेला भएको छ ।

**-हाम्राकुरा डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : इच्छा र आकांक्षा पूर्ण हुनेछन् । धनार्जनका स्रोत पत्ता लाग्न सक्छ । | **तुला** : पारिवारिक सद्भाव बढ्नेछ । सहयोगी हातहरू अघि बढ्नेछन् । |
| **वृष** : दैनिक कार्यहरूमा प्रगति हुनेछ । रमणीय र सुखद् यात्राको योग छ । | **वृश्चिक** : दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला । |
| **मिथुन** : दाम्पत्य जीवन सुखमय हुनेछ। बोलीले अरुको मन जित्न सकिनेछ । | **धनु** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । स्वादिष्ट भोजन पाईनेछ । |
| **कर्कट** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । | **मकर** : आकस्मिक धनलाभ हुनेछ । कामले अरूको मन लोभ्याउन सकिनेछ । |
| **सिंह** : आत्मिक सन्तुष्टि मिल्नेछ । तिर्थाटनको योगछ । | **कुम्भ** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ । अकस्मात धन सम्पत्ति हात पर्नेछ । |
| **कन्या** : मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । पारिवारिक सहयोग मिल्नेछ । | **मीन** : जिद्दीपनाले काम बिग्रने डर छ । बोलीको विपरीत अर्थ लाग्न सक्नेछ । |

# कृषि

## गुल्मीमा २३ करोडको सुन्तला उत्पादन

गुल्मीको धुर्कोट गाउँपालिका -१ नयाँगाउँका ५४ वर्षीय टीकाबहादुर हमालले विगत ३३ वर्षदेखि सुन्तलाखेती गर्दै आएका छन् । सुन्तलाखेतीबाटै उनले वार्षिक लाखौँको आम्दानी गर्दै आएका छन् । 'एक वर्ष बिराएर सुन्तलाको उत्पादन राम्रो हुन्छ, पोहोर साल रु आठ लाखको बिक्री भयो', हमालले भने, 'यस वर्ष उत्पादन अलि घटेकाले रु छ लाखको सुन्तला बिक्री भयो ।' सुन्तला लिन घरमै व्यापारी आउने गरेका छन् ।



अहिले उनले प्रतिकिलो रु ६५ देखि ७० मा सुन्तला बिक्री गरेका छन् । पछिल्लो समय वैदेशिक रोजगारीमा जाने युवाको प्रतिस्पर्धा भए पनि हमाल भने घरमै बसेर मनग्य आम्दानी गरिरहेका छन् । 'यो पुर्ख्यौली पेसा हो, मैले व्यवसायीकरण गरेको मात्र हुँ', उनले भने । उनले कूल १२ रोपनी जग्गामा सुन्तलाखेती गर्दै आएका छन् । अहिले २५ हजार बोटमा सुन्तला उत्पादन भइरहेको उनले बताए । थप ४० हजार बिरुवा नर्सरीमा छन् । केही वर्षपछि ती बिरुवाले पनि उत्पादन दिँदा आम्दानी झनै बढ्ने हमाल बताउछन् । सुन्तला बिक्रीको रकम घरखर्च चलाएर पनि बचत हुने गरेको हमाल बताउछन् । नयाँ गाउँकै कमला पोखरेलले पनि यस वर्ष सबै सुन्तला घरबाटै प्रतिकिलो रु ६५ मा बिक्री गरिन् । गत वर्ष रु ८० हजारको सुन्तला बिक्री गरेकी उनले यस वर्ष पनि सोही रकमकै हाराहारीमा बिक्री गरेको बताइन् । सुन्तला लिन व्यापारी घरमै आउने भएकाले बजारको कुनै समस्या छैन । 'बारीमा तीन सय बोट छन्, केही साना बिरुवा पनि छन्', उनले भनिन्, 'सुन्तला बिक्रीको रकमबाट घरमा चाहिने दैनिक उपभोग्य सामग्री किन्न सहयोग भएको छ ।' पोखरेल र हमाल त सुन्तला बिक्री गर्ने केही प्रतिनिधि पात्र मात्रै हुन् । उनीहरुजस्तै जिल्लामा धेरैले सुन्तला बिक्री गरेका छन् । यस वर्ष जिल्लामा रु २३ करोडको सुन्तला उत्पादन भएको कृषि ज्ञानकेन्द्र गुल्मीले जनाएको छ । त्यसमा रु १२ करोड ८४ लाखको सुन्तला जिल्लाभन्दा बाहिर निर्यात भएको केन्द्रका प्रमुख नवराज भण्डारीले जानकारी दिए । सरकारले गुल्मीलाई 'सुन्तला जोन' भनी घोषणा गरेको छ । गुल्मीमा कूल एक हजार २७ हेक्टर क्षेत्रफल सुन्तला उत्पादनयोग्य जग्गा छ । त्यसमध्ये यस वर्ष छ सय २३ हेक्टर क्षेत्रफलमा छ हजार पाँच सय ७२ दशमलव चार मेट्रिकटन सुन्तला उत्पादन भएको छ । अहिले कूल सुन्तला बगैँचाको ६० प्रतिशत बोट फलेका छन् ।

आव २०७९/८० मा कृषक, कृषि ज्ञानकेन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र पालिकाको लगानीमा एक सय ३० हेक्टर क्षेत्रफलमा थप सुन्तलाखेती विस्तार गरिएको केन्द्रका प्रमुख भण्डारीले बताए । जिल्लाका पालिकाले पनि सुन्तलाखेती प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम सञ्चालन गरेका छन् । जिल्लाको धुर्कोट, रेसुङ्गा, मदानेलगायत क्षेत्रमा सुन्तलाखेतीका लागि चक्लाबन्दी कार्यक्रम नै सुरु गरिएको छ । धुर्कोट गाउँपालिका प्रमुख भुपाल पोखरेलले धुर्कोटमा सुन्तलाको बजारीकरणमा कुनै समस्या नभएको बताए । उनले सुन्तलाको उत्पादन वृद्धिका लागि सिँचाइ, प्रविधिलगायत विषयमा पालिकाले सहयोग गर्ने प्रतिक्रिया दिए ।**-रासस**

## रुकुम पूर्वमा महको उत्पादन दोब्बरले बढ्यो



रुकुम पूर्वमा यस वर्ष महको उत्पादन दोब्बरले वृद्धि भएको छ । गत वर्ष विभिन्न कारणले मह उत्पादन घटेको थियो । जिल्लाको सिस्ने गाउँपालिकाको वडा नम्बर २ र ३ मा मौरीपालन हुँदै आएको छ ।

सिस्ने-३ का ओमप्रकाश खड्काले दुई सय ५० धार्नी मह बिक्री गरेर यो याममा रु सात लाख ५० हजार आम्दानी गरेका छन् । अब एक सय ४० धार्नी मह बिक्री हुन बाँकी रहेको उनले बताए । 'यस वर्ष राम्रो मह उत्पादन भएको छ । मैले यो याममा मौरी घारबाट निकालेको मह सबै बिक्री भयो भने रु १२ लाख कमाउँछु', किसान खड्काले भने । सोही वडाका अर्का मौरीपालक किसान कमलाल खड्काले पनि ६० घारबाट एक सय ८० धार्नी मह निकालेका छन् । मह निकाल्न अझै दश मौरीका गोला बाँकी छन् भने एक सय आठ धार्नी मह बिक्री भइसकेको छ । उनले बिक्री भएको महबाट रु तीन लाख २४ हजार आम्दानी गरेका छन् । अझै ७२ धार्नी मह बिक्री हुन बाँकी छ । उनले भने,'यो याममा रु सात लाख बराबरको आम्दानी हुने भएको छ ।' एक धार्नीमा साढे दुई किलो मह हुने गर्छ । एक किलो मह लाई १२ सयसम्ममा बिक्री हुने गरेको जनाइएको छ ।

यस क्षेत्रको मह रुकुम पश्चिम, दाङ, सल्यान, जाजरकोट, नेपालगञ्ज पोखरा र काठमाडौँ लगायत सहरमा पुग्ने गरेको छ । सिस्ने -३ मा यो याममा रु ९० लाख बराबरको मह उत्पादन भएको वडाध्यक्ष हेराम खड्काले जानकारी दिए । अघिल्लो वर्षका तुलनामा यस वर्ष जिल्लामा दोब्बरले मह उत्पादन भएको एकीकृत तथा पशुपन्छी विकास कार्यालय रुकुम पूर्वका कार्यालय प्रमुख पिताम्बर बस्नेतले जानकारी जानकारी दिए ।

गत वर्ष जिल्ला मा १२ सय मौरीका गोलाबाट छ सय मेट्रिक टन मात्र मह उत्पादन भएको थियो भने यस वर्ष १७ सय मौरीका गोलाबाट १२ सय मेट्रिक टन मह उत्पादन भएको प्रारम्भिक अनुमान कार्यालयले गरेको छ । अझै पनि किसानको मह निकाल्ने काम जारी भएको हुँदा अहिल नै यति मह उत्पादन भएको छ भनेर भन्न नसकिने उनले बताए । उत्पादित महको ८० प्रतिशत मात्र बिक्री भयो भने पनि रु एक करोड १५ लाख २० हजार जिल्लामा आम्दानी हुने सो कार्यालयले जनाएको छ । **-रासस**

## म्याग्दीको सिङ्गा ठूलोखोलामा सामूहिक आलुखेती

बेनी नगरपालिका-४ सिङ्गा ठूलोखोलाका ३६ घरधुरीले व्यावसायिक आलुखेती गरेका छन् । परम्परागतरूपमा खाद्य बाली लगाउँदै आएका यहाँका स्थानीयले यस वर्ष हिउँदयाममा नगदे बालीका रूपमा आलुखेती गरेका छन् ।



ठूलोखोला महिला कृषक समूहका अध्यक्ष जुना खत्रीले एक सय रोपनी बढी खेतबारीमा आलु लगाएको बताइन् । 'अहिले आलु गोडमेल गरिरहेका छौँ, आगामी माघमा आलु खनेर बजार पठाउने तयारी छ, बोट राम्रो भएकाले फल पनि राम्रो हुने आशा गरेका छौँ', उनले भने । सिङ्गाको डाँडाखेत, फुर्केसल्ला, राक्सेलगायतका बस्तीमा हिउँदे आलुको व्यावसायिक खेती गरिएको छ । जिल्लामा खेती गरिने प्रमुख बालीमध्येमा पर्ने आलुखेतीबाट जिल्लालाई आत्मनिर्भर बनाउन चालु आर्थिक वर्ष २०८०/०८१ मा जिल्लामा आठ सय रोपनी बढीमा हिउँदे आलुखेती गरिएको छ । कृषि ज्ञान केन्द्र म्याग्दीले समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्द्धन आयोजना अन्तर्गत खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रममार्फत हिउँदे आलुमा आत्मनिर्भर बनाउने तयारी गरेको हो । विगतका वर्षहरूमा गहुँ, जौँलगायतका खाद्य बाली लगाउने भए पनि यस वर्ष खायन आलु प्रवर्द्धन कार्यक्रमले किसानलाई अनुदान दिएपछि आलुखेतीलाई व्यावसायिकरूपमा लगाएको ठूलोखोकी अगुवा किसान मैना खड्काले बताए । हिउँदमा आलुको आयात घटाउने र आत्मनिर्भर गराउने लक्ष्यअनुसार खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको कृषि ज्ञान केन्द्रका प्रमख सञ्जीव बाँस्तोलाले बताए । उनका अनुसार यस वर्ष हिउँदे आलुको खेती विस्तार गर्न २० वटा समूह र एक सहकारी खायन आलुको अनुदानका लागि छनोट भएका थिए । 'म्याग्दी बर्खे आलुमा आत्मनिर्भर बनेर यहाँ उत्पादन भएको आलु बाहिर निकासी हुने गर्छ, अहिलेसम्म हिउँदको समयमा बाहिरका जिल्ला र भारतबाट समेत जिल्लामा आलु आयात हुँदै आएको छ, खायन आलु प्रवर्द्धन कार्यक्रमबाट अब हिउँदे आलुमा म्याग्दी आत्मनिर्भरोन्मुख बन्ने देखिएको छ', उनले भने ।

यस कार्यक्रम अन्तर्गत जिल्लामा थप एक हजार रोपनीमा बर्खे आलुखेती विस्तार हुनेछ । गण्डकी प्रदेशको कृषि तथा सहकारी मन्त्रालयले म्याग्दी जिल्लामा आलुको संरक्षण तथा विस्तार र व्यावसायिकताका लागि चालु आर्थिक वर्षमा रु तीन करोड बजेट विनियोजन गरेको थियो । उक्त बजेटबाट कार्यालयले कार्यक्रममा समावेश हुनआएका किसान समूह र सहकारीलाई आलुको बीउ र उपकरण खरिदमा प्रतिरोपनीमा रु १० हजारका दरले अनुदान दिएको कार्यालयले जनाएको छ । कार्यालयबाट खायन आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गत हिउँदे आलुमा बेनी नगरपालिका, मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका किसानले अनुदान पाएका छन् । बर्खे आलुमा रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका समेत समेटिने कार्यालयले जनाएको छ । म्याग्दीमा हाल स्थानीय सेतो, रातो जातको आलु लगाउने चलन भए पनि हिउँदे आलुको बीउ बाहिरबाट बढी ल्याउने गरेका छन् । बीउ आलुमा जिल्लालाई आत्मनिर्भर बनाउने उद्देश्यले यस वर्ष २० रोपनीमा बीउ आलु उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको केन्द्र प्रमुख बाँस्तोलाले बताए । अघिल्लो वर्षको तुलनामा आव २०७९/८० मा जिल्लामा छ दशमलव ३६ प्रतिशतले आलु उत्पादन बढेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । गत वर्ष जिल्लाभर एक हजार छ सय ५० हेक्टर क्षेत्रफलमा आलुखेती भएकामा २५ हजार चार सय १० मेट्रिक टन उत्पादन भएको थियो । अन्नपूर्ण गाउँपालिकाको शिख, घार, राम्चे, हिस्तान, रघुगङ्गाको पाखापानी, ठाडाखानी, चिमखोला, कुइनेमङ्गले, कुइने मङ्गलाको हिँदी, भाँक्रीपानी, किमचौर, टोड्के, मालिकाको बिम, दिच्याम, धवलागिरिको गुर्जा, मरेनी, बेनीको सिङ्गा, भकिम्ली, डडुवा, आलु उत्पादन हुने ठाउँ हुन् । जिल्लाबाट वार्षिक रु छ करोडभन्दा बढी मूल्यको बर्खे आलु निकासी हुने कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ । बर्खे आलुमा उत्पादितमध्ये ७० प्रतिशत अथवा एक हजार मेट्रिक टनभन्दा बढी आलु निकासी हुने गरेको हो । जिल्लामा हाल स्थानीय सेतो, रातो जातको आलु, निलो, कार्डिनल र एमएस ४२ नामक आलु उत्पादन हुने गरेको छ ।**-रासस**

## खोटाङबाट ३६ करोड बढीको सुन्तला निर्यात

दश स्थानीय तह रहेको खोटाङ जिल्लाबाट यस वर्ष रु ३६ करोड ३५ लाखभन्दा बढीको सुन्तला निर्यात भएको छ । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लाको आठ सय १० हेक्टर क्षेत्रफल जमिनमा सुन्तला खेती भएको कृषि ज्ञान केन्द्रले जनाएका छ । केन्द्रका कृषि प्रसार अधिकृत सञ्जयकुमार पण्डितका अनुसार जिल्लामा यस वर्ष तीन हजार सात सय ३५ मेट्रिक टन सुन्तला उत्पादन भएको छ ।

यस वर्ष सबैभन्दा बढी जन्तेढुङ्गा गाउँपालिकामा सुन्तला उत्पादन भएको उनले जानकारी दिए । 'जिल्लामा अहिले सात सय ४२ हेक्टर क्षेत्रफलमा लगाइएको सुन्तलाले उत्पादन दिन थालेको छ । गत वर्षको तुलनामा यस वर्ष दश मेट्रिक टन बढी उत्पादन भएको देखिन्छ', उनले भने, 'आगामी वर्ष थप वृद्धि हुँदै जाने अनुमान छ । किसानले उत्पादन गरेका सुन्तलाले राम्रो बजार पाएसँगै व्यावसायिकरूपमा खेती गर्नेको सङ्ख्या पनि बढ्दै गएको छ ।' जन्तेढुङ्गा -६ दिप्लुङबाट मात्रै यस वर्ष रु एक करोडभन्दा बढीको सुन्तला निर्यात भएको स्थानीय बासिन्दा जगत् राईले दाबी गरे । 'हाम्रो वडाको फगतपुर, चोभे, सातमारा, केराबारी लगायतका ठाउँमा सबैभन्दा बढी सुन्तला उत्पादन हुन्छ । यस वर्ष रु एक करोडभन्दा बढीको निर्यात गरेका छौँ', उनले भने,'कसैले आफैँले बजारसम्म पुर्याएर बिक्री गरे भने, कसैको बगानमै ठेकेदार आएर खरिद गरेका छन् । मैलेचाहिँ आफैँले सुनसरीको इटहरी र उदयपुरको बेल्टार, सप्तरीको फत्तेपुर लगायतका बजार पुर्याएर रु छ लाखको बेचेँ । यस वर्षभन्दा अर्को वर्ष अझै उत्पादन बढ्ने अपेक्षा गरेका छौँ ।' जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने जन्तेढुङ्गा-५ चिसापानीस्थित घोर्ले भन्ने एउटै गाउँबाट रु एक करोड बढीको सुन्तला निर्यात भएको स्थानीय किसानले बताएका छन् । उक्त वडाको वाचिपाला, खुटालगायतका गाउँबाट पनि उत्तिकै मात्रामा सुन्तला निर्यात भएको जनाइएको छ । जन्तेढुङ्गा गाउँपालिकामा कात्तिक अन्तिम हप्ताबाटै सुन्तला पाक्ने गरेकाले पनि राम्रो बजार पाउने गरेको राईले जानकारी दिनुभयो । जन्तेढुङ्गाका किसानले लगाएका सुन्तलाखेतीमा अहिलेसम्म रोगसमेत नदेखिएको बताइएको छ । दिप्लुङ चुइचुम्मा गाउँपालिका-१ याम्खामा सुन्तलाखेती गर्ने रामबहादुर कुँवरको बगानमा यस वर्ष असिनाले क्षति पुर्याएकाले गत वर्षको तुलनामा आधामात्र उत्पादन भएको जनाइएको छ । कुँवरले गत वर्ष रु नौ लाखको सुन्तला बेचेको बताए । आफूले उत्पादन गरेको सुन्तला दिक्तेल बजार र गाईघाटमा प्रतिकेजी रु एक सय १० देखि रु एक सय ३० सम्ममा बिक्री भइरहेको उनले बताए । 'यस वर्ष सुन्तलाबाट कम्तीमा पनि रु २० लाख कमाउने इच्छा थियो तर, असिनाले खत्तम गरिदियो । मैले चार सय बोट सुन्तला लगाएको छु । अहिले एक सय ३० बोटले उत्पादन दिन थालेको छ', उनले भने,'अर्को वर्ष अरु बोटले पनि उत्पादन दिन्छ । अन्य खेतीभन्दा सुन्तलाखेती गर्न सजिलो र बढी आम्दानी दिने भएकाले यस वर्ष थप चार सय बोट बिरुवा रोप्ने योजनामा छु ।' रावाबेँसी गाउँपालिकामा पनि यस वर्ष सुन्तला उत्पादन राम्रै भएको भेजा न २ खार्पाका स्थानीय किसान राजबहादुर मगरले बताए । 'सुन्तलाबाट आएको आम्दानीले वर्षभरि माछा-मासु खान र घर खर्च पुग्छ । यसअघि रोगले गर्दा धेरै क्षति भएको थियो', उनले भने,'केही वर्षदेखि बगानमा देखिएको रोग गत वर्ष नियन्त्रण गर्ने प्रयास गरेका थियौँ । केही हदसम्म सफल पनि भएका छौँ । सम्भवतः आगामी वर्षदेखि धेरै समस्या नदेखिएला भन्ने लागेको छ । रोग देखिएन भने राम्रो उत्पादन हुन्छ ।' जिल्लाका अन्य स्थानीय तहका किसानले पनि सुन्तलाबाट राम्रो आम्दानी गरिरहेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा देखिएको छ । जिल्लामा यातायातको सुविधा सहज भएपछि बजारसम्मको सिधा पहुँच विस्तार भएसँगै सुन्तलाखेती प्रति किसानको आकर्षण बढेको कृषि प्रसार अधिकृत पण्डितले जानकारी दिए । जिल्लामा उत्पादित सुन्तला जिल्लाभित्रकै हाटबजार तथा धरान, विराटनगर, काठमाडौँलगायतका सहरमा निर्यात हुने गरेको पाइएको छ । जिल्लामा उत्पादित सुन्तला सबैभन्दा बढी बाहिरी जिल्लाबाट आएका ठेकेदारले खरिद गर्ने गरेका छन् । जिल्लामा उत्पादित सुन्तला स्वादिलो र रसिलो हुने भएकाले बजारको समस्या नभएको कृषि ज्ञान केन्द्र खोटाङका निमित्त प्रमुख हरिनारायण राईले बताए । 'सुन्तलाबाट राम्रो आम्दानी हुने भएपछि धेरै किसानले व्यावसायिक रूपमा सुन्तलाखेती गर्न थालेका छन् । आगामी दिनमा व्यावसायिकरूपमा खेती गर्ने किसानका लागि सुन्तला ठूलो आर्थिक आम्दानीको स्रोत हुने अनुमान गरेका छौँ ।' सुन्तलाखेती गर्ने किसानका लागि कृषि ज्ञान केन्द्रले सहयोग गरिरहेको छ । जिल्लाका हरेक स्थानीय तहले पनि आ-आफ्नो क्षेत्रमा सुन्तलाखेती विस्तार तथा प्रवर्द्धनका कार्यक्रम बनाएर लागू गरेका छन् ।**-रासस**

# मखनटोल टोल विकास संस्थाको अध्यक्षमा ज्ञानु कार्की

**कृष्ण पोखरेल**



**पाल्पा,** पुस २८/मखनटोल टोल विकास संस्था तानसेन -४ पाल्पाको अध्यक्षमा महिला उद्यमी तथा सामाजिक व्यक्तित्व ज्ञानु कार्की चयन भएकी छन् । संस्थाको छैठौ साधारण सभाले कार्कीलाई अध्यक्षमा चयन गरेको हो ।

अध्यक्ष चयन भएसँगै उनी संस्थाको सातौ अध्यक्ष बनेकी छन् । यस्तै संस्थाको सचिवमा सरस्वती राजभण्डारी, कोषाध्यक्षमा सुचिता शाक्य र सल्लाहकारमा प्रेमबहादुर कुवँर चयन भएका छन् । निवर्तमान अध्यक्ष प्रमिला कार्कीले नव निर्वाचित अध्यक्ष ज्ञानु कार्कीलाई पद तथा माइनट बुक हस्तान्तरण समेत गरेकी छन् । संस्थाकी सदस्य कल्पना भट्टराईको सञ्चालनमा पद हस्तान्तरण कार्यक्रम भएको थियो । साधारण सभाको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै नगरप्रमुख श्रेष्ठले तानसेनको विकासमा टोलविकास संस्थासँग हातेमालो गरेर अगाडि बढ्ने बताए । उनले तानसेनको विकासको प्राथमिकता तोकी आवधिक योजना निर्माण गरेर नगर सरकार अगाडि बढेको भन्दै त्यसमा टोलविकास संस्थाको समेत सहयोग आवश्यक रहेको धारणा व्यक्त गरे । तानसेन विकासको पहिलो आधार पर्यटन, दोस्रो पुरातात्विक तथा धार्मिक महत्वका संरचनाहरुको जर्गेना, संरक्षण, र जिर्णोद्धार, तेस्रो तानसेनको हावापानी, चौथो शिक्षा, स्वास्थ्यलाई प्रमुख आधार बनाएर काम गर्ने अभियान तानसेन नगरपालिकाले शुरु गरेको नगर प्रमुख श्रेष्ठको भनाई छ । उनले भने 'नगरपालिका अबको तीन वर्ष, पाँच बर्षमा के-के काम गर्ने ? भनेर योजना निर्माणमा लागेको छ, सोही अनुसार बजेट विनियोजन गर्दै जाने छौं ।' महिलाहरुको नेतृत्वमा रहेको मखनटोल टोल विकास संस्थाले आफ्नो नामसंगै तानसेन नगरपालिकालाई पनि विश्वमा चिनाउने गरी काम गर्दै आएको नगर प्रमुख श्रेष्ठले बताए । घरयासी काम काजबाट महिलाहरुलाई सामाजिक उत्तरदायित्वमा ल्याउने अभियानमा मखनटोल टोल विकास संस्था लागि परेको समेत उनले बताए । कार्यक्रममा वडा अध्यक्ष हेमन्तराज शाक्यले टोल विकास संस्था तानसेन नगरपालिकामै नमुना संस्थाको रुपमा काम गर्दै आएको बताए । संस्थाले तानसेनमा पर्यटन प्रवद्धन देखी आर्थिक कारोबार समेत बढाउने गरी विभिन्न किसिमका खाना महोत्सव, स्वास्थ्य शिविर गर्दै आएको उनको भनाई छ ।

सभामा सल्लाहकार अजयमान कर्माचार्यले तानसेन नगर साझेदारी कार्यक्रमबाट गठन भएको मखनटोल टोल विकास संस्थाले धेरै पटक सडक खाना महोत्सव, महिला, बालबालिका तथा जेष्ठ नागरिक केन्द्रित कार्यक्रम गरी सामाजिक क्षेत्रमा उल्लेखनिय योगदान गरेको बताए । कार्यक्रममा अध्यक्ष कार्कीले छैठौ कार्यकालमा भएका सामाजिक काम तथा गतिविधीहरु प्रस्तुत गरेकी थिईन । संस्थाकी अध्यक्ष प्रमिला शाक्यको अध्यक्षता, पूर्व अध्यक्ष प्रविता शाक्यको स्वागत, सचिव ज्ञानु कार्कीको सञ्चालनमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको थियो ।

# रानीमहल सहकारीले गऱ्यो १५ औं साधारण सभा



**पाल्पा,** पुस २८/रानीमहल बचत तथा ऋण सहकारी संस्थाले साधारण सभा गरेको छ । संस्थाले शनिबार तानसेनमा १५ औं साधारण सभा गरेको हो ।

सभामा संस्थाका अध्यक्ष भुगोल प्रसाद बैजु श्रेष्ठले संस्थाको आय व्ययसहित प्रगति विवरण प्रस्तुत गरेका थिए । उनले १५ करोड ७ लाख २ हजार ९ सय ६१ बराबरको आय-व्यय प्रस्तुत गरे । अध्यक्ष श्रेष्ठले तीन आर्थिक बर्षको शेयर पुँजी, बचत संकलन, बचत फिर्ता, फिर्ता गर्न बाँकी रकम, ऋण लगानी, ऋण असुली, लगानीमा रहेको ऋण र मुनाफा रकमहरु समेत प्रस्तुत गरेका थिए ।

उनले गएको आर्थिक बर्षमा शेयर पुँजी १ करोड ५० लाख, ८६ हजार ६ सय, बचत संकलन १३ करोड ७ लाख ८३ हजार ४ सय ९, बचत फिर्ता १४ करोड ८९ लाख ६९ हजार २ सय ५२, फिर्ता गर्न बाँकी रकम ८ करोड ५८ लाख ५८ हजार ६ सय २, ऋण लगानी २ करोड ११ लाख ५३ हजार, ऋण असुली ३ करोड ८२ लाख ५९ हजार, लगानीमा रहेको ऋण ९ करोड ७० लाख १० हजार र मुनाफातर्फ १ लाख ८९ रहेको बताए । संस्थाले सुत्केरी भएका ७ जना शेयर सदस्यहरुलाई पोष्टिक आहारको लागि पाँच/पाँच हजार नगद सहयोग, दुई जनालाई औषधी उपचार खर्च, मृत्यु भएका ३ जना शेयर सदस्यहरुलाई औषधी उपचार खर्च ५ हजार र अन्तिम संस्कार खर्च १० हजार ५ सय प्रदान गरिएको अध्यक्ष श्रेष्ठले सभामा जानकारी दिए । सभामा लेखा समिति संयोजक रविमोहन श्रेष्ठले बार्षिक रुपमा ४ पटक बैठक बसी समितिले दिएका सुझावहरुको बारेमा जानकारी गराएका थिए ।

कोषाध्यक्ष दिपेन्द्रलाल श्रेष्ठले चालु आर्थिक बर्ष २०८०/०८१ को लागि अनुमानित १५ करोड ३७ लाख ४८ हजार बराबरको आय व्यय पेश गरेका थिए । सभामा कुटुम्ब बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष थानेश्वर गैरे, पत्रकार महासंघ पाल्पाका कार्यसमिति सदस्य कृष्ण पोखरेल, शेयर सदस्य शशी श्रेष्ठ लगायतले पछिल्लो समय सहकारीहरुका धेरै ऋण असुली नहुँदा समस्या बढ्दै गएकाले सबैभन्दा पहिले ऋण असुलीमा सिङ्गो कार्यसमिति, ऋण समिति सक्रिय भएर लाग्नु पर्ने सुझाव दिए ।


सचिव शोवाकान्त न्यौपानेले आगामी बर्षका लागि पेश गरेका प्रस्ताव तथा अध्यक्ष, कोषाध्यक्ष, लेखा समितिले प्रस्तुत गरेका प्रतिवेदन सर्वसम्मत रुपमा पारित भएका थिए । संस्थाका अध्यक्ष भुगोल वैजु श्रेष्ठको अध्यक्षता, ऋण समितिका सदस्य किशोर दर्शन बज्राचार्यको स्वागत, कर्जा उपसमितिका सदस्य सविन मल्लको धन्यवाद ज्ञापन, सचिव शोवाकान्त न्यौपानेको सञ्चालनमा र साधारणसभा भएको थियो ।

## दुर्घटनाप्रति दुःख व्यक्त...

...काँग्रेसले पछिल्लो समय यस्ता सडक दुर्घटना बढ्दै गइरहेकाले तत्काल एक कार्यदल गठन गरी घटनाको गहिरो अध्ययन गरेर यस्ता घटनालाई नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गरेको छ । यस्तै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि दाङको भालुवाङमा भएको बस दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै सडक अनुशासनको कडाइका साथ पालना गर्न अनुरोध गरेका छन् । सामाजिक सञ्जाल फेसबुकमा अध्यक्ष ओलीले दुर्घटनाको यो खबरले दुःखी बनाएको उल्लेख गर्दै सडक दुर्घटनामा ज्यान गुमाउने सबैप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । साथै उनले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै परिवारजनमा पीडा सहने शक्ति प्राप्त होओस् भनि कामना समेत गरेका छन् ।

**खेलकुद समाचार**

## अनिलको विस्फोटक ब्याटिङमा मधेशको जित




**काठमाडौं,** पुस २८/प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत शनिबार मुलपानी क्रिकेट मैदानमा भएको खेलमा मधेश प्रदेशले कोशी प्रदेशलाई सात विकेटले पराजित गरेको छ ।

कोशीले दिएको १ सय २८ रनको लक्ष्य मधेशले तीन विकेट गुमाएर २०.१ ओभरमै पूरा गरेको हो । मधेशका लागि प्रारम्भिक ब्याटर अनिल साहले ५४ बलमा ८८ रन प्रहार गरे । उनले १४ चौका र तीन छक्का प्रहार गरे । त्यस्तै, हरिशंकर साहले २४, निरज यादवले नौ, पवन सर्राफले दुई र मयन यादवले एक रन बनाए । कोशीका लागि सोनु मण्डलले दुई र सुजन थपलियाले एक विकेट लिए । यसअघि ब्याटिङ गरेको कोशीले ४१ ओभरमा सबै विकेट गुमाएर १२७ रन बनाएको थियो । कोशीका लागि फिर्दोष अन्सारीले ४१ र अंकित सुवेदीले ४० रन बनाए । अन्य खेलाडीले दोहोरो अंक पनि जोड्न सकेनन् । मधेशका लागि सबै बलरले कसिलो बलिङ गरे । प्रदीप पासवानले तीन, राजेश यादव, रञ्जित कुमार र पवन सर्राफले दुई-दुई तथा विशाल पटेलले एक विकेट लिए । एकदिवसीय राष्ट्रिय प्रतियोगिता शनिबारदेखि नै शुरू भएको हो । प्रतियोगितामा सातै वटै प्रदेश र तीन वटा विभागीय गरी १० टोली सहभागी छन् ।

**कर्पोरेट/अर्थ समाचार**

## आइपीओ बिक्री गर्दै विद्युत् प्राधिकरण




**पाल्पा,** पुस २८/नेपाल विद्युत् प्राधिकरणले साधारण शेयर (आइपीओ) बिक्री गर्ने भएको छ । प्राधिकरणले ६० अर्ब बराबरको शेयर सर्वसाधारणमा बिक्री गर्ने भएको हो ।

शेयर बिक्रीका लागि अर्थ मन्त्रालयले सहमति प्रदान गरिसकेको छ । अर्थको सहमतिपछि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले आवश्यक प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छ । प्राधिकरण सञ्चालक समितिको गत मंसिर २५ गते बसेको बैठकले आवश्यक निर्णय गरेको छ । सञ्चालक समितिले अर्थ मन्त्रालयबाट अधिकृत पूँजी तीन खर्ब कायम गर्न सहमति भएकाले ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्समक्ष स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरेको छ । प्राधिकरणको शेयरको प्रतिकित्ता किताबी मूल्य करिब एक सय २५ कायम गर्ने र त्यसमा त्यति नै रकम प्रिमियम थप गरी शेयर निष्कासनको प्रस्ताव गरिएको छ । यस हिसाबले प्राधिकरणको शेयर किन्न चाहने सर्वसाधारणले प्रतिकित्ता दुई सय ५० खर्च गर्नुपर्नेछ । सर्वसाधारणलाई शेयर जारी गरी प्राप्त हुने रकम दीर्घकालीन लगानीका रुपमा जलाशययुक्त आयोजना निर्माण, प्रसारण तथा वितरण लाइनको विस्तार तथा सुदृढीकरण कार्यमा उपयोग गरिनेछ ।

प्राधिकरणसँग रहेको स्थिर सम्पत्तिको आधारलाई उपयोग गरी वित्तीय उपकरणमार्फत स्रोतको व्यवस्थापन गरी ठूला आयोजना निर्माण गर्न सकिने छ । प्राधिकरणको हाल अधिकृत पूँजी रु एक खर्ब २५ अर्ब बराबर छ । सरकारको लगानीको प्राथमिकता विभिन्न क्षेत्रमा रहने हुँदा ऊर्जा क्षेत्रमा गरेको बजेट विनियोजनले मात्र प्राधिकरणको हालको पूँजीगत लगानीका लागि आवश्यक स्रोत पर्याप्त नभएको ठहर गरिएको छ । त्यसका लागि प्राधिकरणले वैकल्पिक स्रोतमार्फत लगानी जुटाउनुपर्ने अवस्था छ ।


## रामपुर नगरपालिकाको अनुरोध

१. आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
२. आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
३. आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधै सजग रहौं ।
४. कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
५. म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
६. व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
७. आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
८. जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई